# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

२२ वैशाख २०७७

## किसानको अधिकार सुरक्षित गर ।
### आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि वञ्चित नगर ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउनपछि किसानहरुको जीविकोपार्जन, कृषि उत्पादन तथा नागरिकको खाद्य सम्बन्धी हक प्रचलनमा उत्पन्न कठिनाइ तथा केही निजी अस्पतालहरुले बिरामीहरुको भर्ना र उपचारमा देखाएको उदासिनताप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

लकडाउनको क्रममा भएको अनुगमनबाट कृषि पेशा तथा व्यवसायमा संलग्न कृषकलाई कृषि उत्पादनका लागि आवतजावत गर्न, कृषि उपजको बेचविखन तथा उचित मूल्य प्राप्त गर्न कठिनाई उत्पन्न भएको, मल, बिऊलगायत कृषि सामग्रीको अभाव भएको तथा सो को लागि प्रभावकारी व्यवस्थापन हुन नसकेको पाइएको छ । किसानहरु लामो समयसम्म कृषि कार्यबाट वञ्चित रहँदा नागरिकको खाद्य अधिकार प्रचलनमा समेत बाधा उत्पन्न हुने देखिन्छ । नेपालको संविधानको धारा ३६ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ३ (१) बमोजिमका खाद्य र खाद्यवस्तुको अभावमा व्यक्तिको जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुन पाउने मौलिक हक कार्यान्वयनमा तीनै तहका सरकारको ध्यान जानु जरुरी छ । संविधानको धारा ५१ (ङ) खण्ड ५ मा उल्लेख भएको राज्यको नीति अनुरुप कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँच पुऱ्याउन नसक्दा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा ११ ले प्रत्याभूत गरेको व्यक्तिको पर्याप्त खाद्यान्नको अधिकार समेत सङ्कटमा पर्न सक्दछ । यसका साथै अनुगमनकै क्रममा केही निजी अस्पतालहरुले बिरामीहरुको भर्ना र उपचारमा उदासिनता देखाएको पाइएको हुँदा नेपालको संविधानको धारा ३५ मा व्यवस्था भएबमोजिम स्वास्थ्य सम्बन्धी हक प्रचलनमा समेत बाधा उत्पन्न भएको छ ।

अतः प्रत्येक व्यक्तिको जीवनको अधिकार संरक्षणको लागि महत्वपूर्ण योगदान पुऱ्याइरहेका किसानहरुको अधिकार संरक्षण गर्न, आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि बञ्चित नगर्न तथा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक स्थापित गर्न आयोग तीनै तहका सरकारलाई विशेष आग्रह गर्दछ ।

............................

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org